च.नं.: ०१/२०२५ मिति : २२ जुलाई, २०२५

# ११ औं राष्ट्रिय एकता महाधिबेशन कार्यसमिति चयन समिति २०२५

## गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको २०२५ देखि २०२७ कार्यकालको कार्यसमिति चयन समितिको कार्यतालिका

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतारको ११ औं राष्ट्रिय महाधिबेशनका लागि मिति २४ र २५ जुलाई २०२५ का दिन हुन गईरहेको कार्यसमिति चयन प्रक्रिया सम्पन्न गर्न राष्ट्रिय समन्वय परिषदको अन्तिम भेलाबाट कार्यसमिति चयन समितिलाई दिएको जिम्मेवारी अनुसार गठित कार्य समिति चयन समितिलाई राष्ट्रिय समन्वय परिषद् कतारले २०२५-२०२७ कार्यकालको लागि पञ्जिकृत सदस्यको आव्हान गरि अन्तिम नामावली समेत प्रकाशित गरि आज मिति २२ जुलाई २०२५ मंगलवार बेलुका कार्य समिति चयन समितिलाई पञ्जिकृत सदस्यहरुको अन्तीम नामावली सहित आवश्यक दस्तावेज उपलब्ध गराएको छ। विधानतः ३१ जुलाई २०२५ अगावै अधिवेशन सम्पन्न गरिसक्नुपर्ने भएकोले आफ्नो जिम्मेवारी बहन गर्दै कार्यसमिति चयन सम्बन्धि कार्यतालिका सम्पूर्ण पञ्जीकृत सदस्यहरुमा जानकारीका लागी सुचना जारी गरिएको छ।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतारको ११ औं राष्ट्रिय एकता महाधिबेशनलाई निर्धारित समयमा सम्पन्न गर्नका लागि सम्पूर्ण पञ्जिकृत सदस्यहरुमा सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं। सोही अनुसार निम्न बमोजिमको कार्यतालिका अनुसार तोकिएको समय भित्र आफ्नो ईच्छा भएको पदमा मनोनयन दर्ता गरि कार्यसमिति चयन प्रक्रियामा सहभागि हुन हार्दिक अनुरोध गर्दछौं।

### कार्यतालिका

| सि.नं. | बिवरण | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | उम्मेदवारी मनोनयन दर्ता | २३ जुलाई, २०२५ | बिहान १०:०० बजे देखि बेलुका ०९:३० बजे सम्म | अनलाइन प्रणाली मार्फत<br>**Email : narendradoha@gmail.com**<br>**whatsApp : 30778585**<br>उम्मेदवारी मनोनयन दर्ता शुल्क बुझ्ने सम्पर्क व्यक्ति श्री शुरेश भट्ट ७७५६०७८<br>श्री कलाम हुसेन खान ५०३६९०८४<br>श्री रमेश कनौजे मगर ७४०७४०८१ |
| २ | उम्मेदवारी दर्ता भएको मनोनयन नामावलीको प्रारम्भिक प्रकाशन | २३ जुलाई, २०२५ | रातको १०:३० बजे पश्चात | एनआरएनए एनसीसी कतारको बेभसाईट **www.nrnaqatar.org** र एनसीसी कतारको फेसबुक पेज तथा अनलाईन मिडियाहरु मार्फत |
| ३ | उम्मेदवारी मनोनयन माथि दाबी बिरोध (उम्मेदवारीले मात्र) | २४ जुलाई, २०२५ | बिहान १०:०० बजे सम्म | **Email : narendradoha@gmail.com** |
| ४ | उम्मेदवारी मनोनयन फिर्ता | २४ जुलाई, २०२५ | २४ जुलाई दिनको ३:०० बजे सम्म | **Email : narendradoha@gmail.com**<br>**whatsApp : 30778585** |
| ५ | उम्मेदवारी मनोनयनको अन्तिम नामावली प्रकाशन | २४ जुलाई, २०२५ | दिनको ३ :०० बजे पश्चात | एनआरएनए एनसीसी कतारको बेभसाईट **www.nrnaqatar.org** र एनसीसी कतारको फेसबुक पेज |
| ६ | कार्यसमिति पदाधिकारी, सदस्यहरु, आइसीसी सदस्यहरु २०२५–२०२७ चयन अनलाईन मतदान प्रकृया | २४ र २५ जुलाई, २०२५ | २४ जुलाई, बेलुका ५:०० बजे देखि २५ जुलाई २०२५ बिहान १० सम्म (कतारको समय) | अनलाईन NCC Qatar एप मार्फत |
| ७ | परिणाम घोषणा र निर्वाचित प्रमाणपत्र बितरण | अन्तिम परिणाम प्राप्त भए पश्चात | अन्तिम परिणम प्राप्त भए पश्चात | एनआरएनए एनसीसी कतारको बेभसाईट **www.nrnaqatar.org** र एनसीसी कतारको फेसबुक पेज |
| ८ | बिजयी उम्मेदवारहरुको शपथ | २५ जुलाई, २०२५ | क्राउन प्लाजा होटल | राष्ट्रिय महाधिबेशनको सभा हल |

गैरआवासीय नेपाल संघ एनसिसि र आईसिसिको बिधानको आधार मानी गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतारको २०२५-२०२७ कार्यकालका पञ्जिकृत सदस्यहरुले आफ्नो ईच्छा भएको पदमा मनोनयन दिन चाहने सदस्यहरुले पालना गर्नुपर्ने नियमहरु निम्नानुसार छन ।

१) गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतारको बिधानमा उल्लेखित पदहरुमा मनोनयन दर्ता गराउनका लागि पञ्जिकृत सदस्यहरुको योग्यता निम्नानुसार रहेको छ ।

क) आईसीसी सदस्य पदमा मनोनयन दर्ता गर्न निज गैरआवासीय नेपाली संघ एनसिसि र आईसिसिको विधान अनुसार योग्यता पुगेको हुनु पर्ने छ ।

ख) अध्यक्ष पदमा मनोनयन दर्ता गर्न निज गैरआवासीय नेपाली संघ एनसिसि र आईसिसिको विधान अनुसार योग्यता पुगेको हुनु पर्ने छ ।

ग) प्रथम उपाध्यक्ष र महासचिव पदमा मनोनयन दर्ता गर्न निज गैरआवासीय नेपाली संघ एनसिसि र आईसिसिको विधान अनुसार योग्यता पुगेको हुनु पर्ने छ ।

घ) अन्य पदाधिकारीहरुको हकमा पनी निज गैरआवासीय नेपाली संघ एनसिसि र आईसिसिको विधान अनुसार योग्यता पुगेको हुनु पर्ने छ ।

ङ) सदस्य पदका लागि बर्तमान पञ्जिकृत सदस्यहरुले समेत आबेदन दिन सकिने छ ।

च) युवा संयोजक पदमा मनोनयन दिनका लागि पञ्जिकृत सदस्यको उमेर कार्यसमिति छनौट मिति सम्ममा ४० बर्ष नाघेको हुनुहुदैन । यदि सो मितिमा निजको उमेर ४० नाघेको पाईएमा मनोनयन बदर हुनेछ ।

२) प्रत्येक पदमा मनोनयन दर्ता गर्दा पञ्जिकृत सदस्यहरुबाट १ जना प्रस्ताबक र १ जना समर्थक आवस्यक पर्नेछ । १ जना पञ्जिकृत सदस्यले एक पदको लागि १ जनाका लागि मात्रै प्रस्ताबक वा समर्थक रहन पाउनेछ । मनोनयनमा सहभागी पञ्जिकृत सदस्यहरुको प्रस्ताबक र समर्थक दोहोरिएको पाईएमा पहिलो मनोनयन सदर गरि दर्ता भएको दोश्रो मनोनयन बदर गरिनेछ । पहिलो मनोनयन भन्नाले समय अनुसार पहिला दर्ता भएको बुझ्नु पर्नेछ ।

३) कुनै पनि पदमा मनोनयन दर्ता गराई सकेको पञ्जिकृत सदस्यले अर्को पदमा मनोनयन दर्ता गरेका पञ्जिकृत सदस्यहरुको प्रस्ताबक वा समर्थक बन्न पाउने छैन ।

४) आइसीसी सदस्यको संख्या अन्तराष्ट्रिय समन्वय परिषद्को मापदण्ड अनुसार रहनेछ । एनसीसी कार्यसमितिको हकमा राष्ट्रिय समन्वय परिषद्, कतारको बिधानमा ब्यवस्था भए बमोजिम निम्नानुसारको पद संख्या रहने छ साथै मनोनयन दस्तुर तल तोकिए बमोजिम रहनेछ ।

| सि.नं | पद | संख्या | मनोनयन शुल्क |
|---|---|---|---|
| १ | आईसीसी सदस्य | ५ | करि ५०० |
| २ | अध्यक्ष | १ | करि ५०० |
| ३ | प्रथम उपाध्यक्ष | १ | करि ३५० |
| ४ | द्बितिय उपाध्यक्ष | १ | करि ३०० |
| ५ | तृतिय उपाध्यक्ष | १ | करि ३०० |
| ६ | महिला उपाध्यक्ष | १ | करि २५० |
| ७ | युवा उपाध्यक्ष | १ | करि २५० |
| ८ | महासचिब | १ | करि ३५० |
| ९ | सचिब | ३ | करि २०० |
| १० | कोषाध्यक्ष | १ | करि २०० |
| ११ | सह-कोषाध्यक्ष | १ | करि १५० |
| १२ | महिला संयोजक | १ | करि १५० |
| १३ | युवा संयोजक | १ | करि १५० |
| १४ | सदस्य | १९ | करि १०० |
| १५ | लेखा समिति संयोजक | १ | करि १५० |
| १६ | लेखा समिति सदस्य | २ | करि १०० |

५) बिधानतः आवस्यक पदका लागि तोकिएको संख्या भन्दा बढी पञ्जिकृत सदस्यहरुको मनोनयन दर्ता परेमा लोकतान्त्रिक पद्धतीबाट चयन गरिनेछ ।

६) मनोनयन दर्ता फाराम एनसीसी कतारको बेवसाईटमा उपलब्ध हुनेछ । मनोनयन दर्ता गर्न पञ्जिकृत सदस्य, प्रस्ताबक र समर्थकको हस्ताक्षर सहित उम्मेदवारले अनलाईन मार्फत दर्ता गर्न सकिनेछ ।

७) मनोनयन दर्ता गराउने पञ्जिकृत सदस्यले हालसालै खिचेको १ प्रति पासपोर्ट साईजको फोटो अनिबार्य रुपमा अनलाईन मार्फत फाराम सगै उपलब्ध गराउनु पर्नेछ ।

८) माथि तोकिएका पदहरुमा मनोनयन गर्ने पञ्जिकृत सदस्यहरु कुनै पनि राजनैतिक, जातिय, धार्मिक, संगठन वा संघसंस्थाको कार्यकारी पदमा रहको प्रमाणित भएमा मनोनयन रद्ध मानिनेछ ।

९) माथि तोकिएका पदहरुमा मनोनयन गर्ने पञ्जिकृत सदस्यहरु कुनै पनि राजनैतिक, जातिय, धार्मिक वा क्षेत्रिय प्यानल खडा गरि सामुहिक रुपमा दर्ता गर्न वा समुहगत वा प्रचार प्रसार गर्न पाईने छैन । यदि सो अनुसार भएको उजुरी परि प्रमाणित भएमा मनोनयन रद्ध मानिनेछ ।

१०) कार्यसमिति चयनको लागि मनोनयन दर्ता गरिसकेका पञ्जिकृत सदस्यहरुले सार्बजनिक स्थान, बिद्युतिय माध्यम, सामाजिक सञ्जाल, सार्बजनिक सभा समारोह वा पत्रपत्रिका लगायत संचार माध्यमहरु मार्फत एक अर्काको बिरुद्ध व्यक्तिगत टिका टिप्पणी वा गालीगलौज गर्न पाईने छैन । यस सम्बन्धि प्रमाण सहित उजुरी परेमा जारी आचार संहिताका आधारमा छानबिन गरीनेछ र छानबिनमा यस प्रकारको कार्यमा संलग्नता भएको पुष्टि भएमा मनोनयन रद्ध गरिनेछ ।

११) कार्यसमिति चयन प्रक्रियामा पञ्जिकृत सदस्यहरु माथि आर्थिक प्रलोभन पार्न वा डर, धाक, धम्कि वा त्रास देखाई प्रभाबित पार्न खोजिएको प्रमाण सहित उजुरी परेमा जारी आचार संहिताका आधारमा छानबिन गरीनेछ र छानबिनमा यस प्रकारको कार्यमा संलग्नता भएको पुष्टि भएमा मनोनयन रद्ध गरिनेछ ।

१२) कार्यसमिति चयन प्रक्रियामा सम्बन्धित पदको मनोनयन खारेज भएमा वा तोकिएको समय अबधि भित्र मनोनयन फिर्ता नगरेमा दर्ता शुल्क फिर्ता हुने छैन ।

१३) मनोनयन दर्ता गरेका पञ्जिकृत सदस्यहरुले गैरआवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषदको राष्ट्रिय महाधिवेशन संचालन सम्बन्धि नियमावली २०२५ उलंघन गरेको पाईएमा अन्तराष्ट्रिय समन्वय परिषद संग समन्वय गरि कुनै पनि बेला मनोनयन खारेज गर्ने अधिकार कार्यसमिति चयन समितिमा रहनेछ ।

१४) कार्यसमिति चयन अबधिभर पञ्जिकृत सदस्यहरु र मनोनयन दर्ता गरेका पञ्जिकृत सदस्यहरुले नेपाल सरकार र कतार सरकारको कानुन बिपरित वा निषेधित गरिएको गैर कानुनी क्रियाकलाप गर्न, गराउन वा संलग्न हुन पाईने छैन । यस्तो क्रियाकलापमा स्वयं मनोनयन दर्ता गरेका पञ्जिकृत सदस्य दोषि पाईएमा मनोनयन रद्ध गरिनेछ ।

१५) कार्य समिति चयन अनलाईन **NRNA NCC** एप मार्फत गराईनेछ ।

१६) कार्य समिति चयन प्रक्रिया अन्तर्गत मतगणना र परिणाम घोषणा मत परिणाम प्राप्त पश्चात एनसीसी कतारको वेवसाइट मार्फत जानकारी गराईनेछ ।

१७) गैरआवासीय नेपाली संघको बिधान २०२३, गैरआवासीय नेपाल संघ, राष्ट्रिय समन्वय परिषद, कतारको बिधान-२००३ (बाह्रौं संसोधित बिधान), गैरआवासीय नेपाल संघ, राष्ट्रिय महाधिबेशन संचालन सम्बन्धि नियमावली २०२५, मनोनयन दर्ता फाराम, मनोनयन फिर्ता फाराम, दाबी बिरोध फाराम लगायत आवस्यक सुचना तथा जानकारी एनसीसी कतारको वेबसाईट www.nrnaqatar.org मा प्राप्त गर्न सकिनेछ ।

१८) कार्यसमिति चयन कार्यतालिकामा प्राविधिक कारणवस हेरफेर गर्न परेमा एनसिसि कतारका मौजुदा कार्यसमितिले गर्ने छ । कार्यसमिति चयन प्रक्रियामा अन्य आवस्यक निर्णयहरु गर्नु परेमा गैरआवासीय नेपाली संघको बिधान र कार्यसमिति चयन समितिमा अधिकार निहित रहनेछ ।

यहाँ हरु सबैको सहयोग र सद्भावको अपेक्षा सहित ।

नोट : (कार्यसमिति चयन समितिले आवश्यकताको आधारमा कार्यसमिति चयन प्रक्रिया कार्यतालिका हेरफेर गर्न सक्ने छ ।)

नरेन्द्र भाट
संयोजक : कार्यसमिति चयन समिति
११ औं राष्ट्रिय एकता महाधिबेशन २०२५
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतार